# :yfgLo /fhkq

भाग-२ खण्ड २ संख्या २

**बागलुङ नगरपालिकाद्वारा प्रकाशित**

# अल्पकालिन महिला सेवा केन्द्र सञ्चालन कार्यविधि-२०७५

अनुसूची १

(दफा ४ तथा अनुसूची १ को भाग-२ संग सम्बन्धित)

बागलुङ नगरपालिका

:yfgLo /fhkq

खण्ड २ संख्या २, ११ मंसिर २०७५

**भाग–२**

# बागलुङ नगरपालिका

## बागलुङ

स्वीकृत मितिः २०७५/०७/२०

अल्पकालिन महिला सेवा केन्द्र सञ्चालन सम्बन्धी व्यवस्था गर्न बनेको

**"अल्पकालिन महिला सेवा केन्द्र सञ्चालन कार्यविधि-२०७५"**

### १. भूमिका

घरेलु हिंसावाट प्रभावित भई एक्सासी घरवाट निकालीई थातवास नपाएर वा घरेलु हिंसाजन्य व्यवहारवाट जोखिममा परेका महिला तथा वालवालिकालाई तत्काल संरक्षरण गर्न, न्याय दिलाउन र निजकै पक्षमा पारिवारीक मेलमिलाप कायम गराउने तर्फ कानूनी व्यवस्था गर्नुपर्ने भएकोले वागलुङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ वमोजिम नगर कार्यपालिकाको मिति २०७५।०७।२० को निर्णय स्वीकृतिले यो कार्यविधि जारी गरिएको छ ।

**२. उद्देश्यः-** महिला संस्थाहरुको समन्वयमा निरोधात्मक सामाजिक जागरण ल्याउनुका साथै अधिकारको सोचबाट प्रभावित महिलाका लागि छिमेकी सहयोग एवं समुदायदेखी सदरमुकाम सम्मका उपचारात्मक सेवाहरु सुलभ गराएर न्याय दिलाउनु सेवा केन्द्र सञ्चालन गर्ने यसको उद्देश्य हुनेछ ।

**३. सेवाक्षेत्रः-** समन्वय समितिले अन्यथा तोकेकोमा बाहेक- वागलुङ नगरपालिकास्थित अल्पकालिन महिला सेवा केन्द्रमा जिल्लाका सवैक्षेत्रका हिंसामा परेका महिला तथा वालवालिकाहरु यस केन्द्रको कार्यक्षेत्रमा रहने छन ।

**४. कार्यजिम्मेवारीः-** अल्पकालिन महिला सेवा केन्द्रका जिल्लाभित्र सञ्जालको समन्वय-विन्दुको रुपमा अल्पकालिन महिला सेवा केन्द्रको क्षेत्रमा देहायका कार्यहरु पर्नेछन् ।

(क) निर्धारित प्रकृयाबाट सम्प्रेषित प्रभावित महिलाका लागि स्वीकृत मापदण्ड मुताबिकको व्यवस्था भएको सुरक्षित अल्पकालिन आश्रय सञ्चालन गर्ने ।

(ख) खण्ड (क) बमोजिम आरक्षित महिलालाई निजको अवस्था अनुसार निम्न लिखित सेवाहरु प्रदान गर्ने ।

१. लागेको चोटपटको औषधोपचार,

२.मनोसामाजिक विमर्श,

३. न्यायमा पहुँच दिलाउन आवश्यक कानुनी परामर्श एवं सेवा,

४.कानुन कार्यान्वयन गर्ने निकायहरुसँग सम्पर्क सेवा,र

५.समन्वय समितिले तोकेका अन्य सेवा,

(ग) सुरक्षित आश्रय आवश्यक नपर्ने तर खण्ड (ख) मा उल्लिखित सेवा आबश्यक परी निर्धारित प्रक्रियाबाट सम्प्रेषित प्रभावित

महिलाका  हकमा पनि खण्ड ख मा उल्लेखित सेवा उपलव्ध गराईने छ ।

(घ) सेवा प्राप्त प्रभावित महिलालाई हकभोग,पारिवारिक पुनर्मिलन, वैकल्पिक पुनःस्थापना लगायतमा समुदायस्तरबाट हुनुपर्ने सहजिकरणको लागि सम्बन्धीत नगरपालिका र गाउँपालिका लाई खबर गरी फिर्ता सम्प्रेषण गर्ने,

(ङ) खण्ड (घ) बमोजिम फिर्ता सम्पेषित प्रभावित महिलाको अवस्था अनुशरण (लोअप) गर्ने,

(च) विभिन्न सेवामा प्रभावित महिलाको पहुँच स्थापना गर्न जिल्लास्तरीय सेवा-प्रदायक स.स्था वीच अधिबाचन एवं सञ्जालीकरण गर्ने,

(छ). सञ्जालको उद्देश्य प्राप्ति तथा सोको सिलसिलामा आवश्यक भई समन्वय समितिले तोकेका अन्य कार्य गर्ने

## ५. आश्रय र अवधि

(क) अल्पकालिन महिला सेवा केन्द्रमा घरेलु तथा यौनजन्य हिंसा प्रभावित महिला तथा वालवालिका लाई मात्र आश्रय दिईनेछ ।

(ख) आश्रयका लागि हिंसा पिडित स्वयंले हिंसाको प्रकृति उल्लेख गरी केन्द्र प्रमुख समक्ष लिखित  निवेदन दिनु पर्नेछ र विशेष अवस्थाको घटनामा सम्बन्धित वडा कार्यालयको सिफारिश पिडित स्वयंले पेशगर्नु पर्नेछ ।

(ग) प्रभावित महिलालाई वढिमा १० दिनसम्म मात्र सुरक्षित अल्पकालीन महला सेवा केन्द्रमा राख्न सकिनेछः तर विशेष अवस्था परीव्यवस्थापन समितिले विशेष निर्णय गरेमा थप ७ दिन मात्र राख्न सकिनेछ ।

(घ) अल्पकालिन महिला सेवा केन्द्र अन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा प्रभावित महिलालाई उल्लेखित अवधिसम्म एकैपल्ट वा पटक पटक गरेर पनि राख्न

सकिनेछ । प्रभावित महिलाको साथमा आएका व्यक्ति महिला नै भएको खण्डमा निजलाई पनि एकैपटक वा पटक पटक गरेर ७ दिनसम्म सेवा केन्द्र अन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा बस्ने अनुमति दिन सकिनेछ ।

(ङ) उपरोक्तानुसार सेवा केन्द्र अन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा बस्ने अवधि गणना गर्दा चोटपटकको उपचारका सिलसिलामा अस्पतालमा बिताएको दिन जति कटाउन सकिनेछ ।

## ६. न्यूनत मापदण्ड

**(क) आवास गृह परिसरः-** आवास गृह परिसर देहाय बमोजिम हुनुपर्दछः

१. चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारवारले घेरिएको,

२. हाताभित्र गृह अनुसारको खुल्ला ठाउँ रहेको,

३. निर्वाध आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको र

४. सुरक्षाको दृष्टिकोणले उपयुक्त स्थान ।

**(ख) आवास गृह :** आवास गृहमा यथासम्भव देहाय वमोजिमको सुविधा सहितको हुनेछ ।

१. दुवैपट्टि झ्याल राखिएका हावा खेल्ने कोठाहरु,

२. प्रत्येकका लागि छुट्टाछुट्टै खाट,

३. प्रभावित बालबालिकाका लागि अलग्गै कोठा,

४. भुईमा दच्छाउने उपयुक्त दच्छेना, झ्यालमा पर्दा र राखन-धरन, लेखापढी गर्न आवश्यक फर्निचर,

५. मनोरञ्जन, अन्तरक्रिया र आमोद प्रमोदका लागि साझा कक्ष

६. शौचालय तथा स्नान कक्ष,

७. सम्भव भए साझा टेलिफोन र टेलिभिजन,
८. ठाउँ हेरी पङ्खा, हिटर,
९. स्रोत हेरी पर्याप्त पानी,
१०. नुवाई-धुवाई, सरसफाइका लागि सामग्री, भाँडाकुँडा, कुचो, फोहोर सङ्कलन टोकरी, लुगा सुकाउने डोरी ईत्यादी
११. अग्नि नियन्त्रण उपकरण र
१२. सुरक्षाका लागि आवश्यकता अनुसार पालो पहरा ।

(ग) **लुगाफाटो** : अल्पकालिन महिला सेवा केन्द्रमा आश्रय लिएका महिलाहरुका लागि देहायमा उल्लेखित लुगाफाटोको व्यवस्था गर्नु पर्नेछः ।

१. दरी वा कम्मल, डसना, तकिया, सिरक, दोलाइँ, झुल, खोल चाहिनेमा खोलसमेत एक एक थान ओडने ओछ्याउने विस्तरा,
२. एक/एक जोर चप्पल र
३. नभएकालाई एकसरो लगाउने लुगा ।

(घ) **खानेकुरा** : दैनिक खानेकुराको व्यवस्था निर्देशन समितिले तोके बमोजिम केन्द्रभित्र वा बाहिरको व्यवस्था गर्ने गरी देहाय बमोजिम हुनुपर्दछः।

१. बिहान चियासँगै हल्का खाजा,
२. दिउँसो खाना,
३. अपरान्ह पूर्ण खाजासँगै चिया
४. बेलुका खाना
५. माशाहारीका लागि सातामा दुई पटक माछामासु तथा शाकाहारीका हकमा सोको मूल्य बराबरी दूध, दही, फलफुल र
६. उमालेको वा अन्यथा शुद्ध खानेपानी ।

(ङ) **स्वास्थ्योपचारः** समन्वय समितिले तोकेको अस्पतालमा संरक्षणमा लिएका प्रभावित महिलाको स्वास्थ्योपचार गराउनु पर्दछ । स्वास्थ्योपचार तर्फ निम्न व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

१. प्राथमिक उपचार
२. समस्या हेरी नियमित उपचार,
३. आकस्मिकउपचार र
४. बालबालिकाको हकमा उमेर अनुसार लगाउनु पर्ने खोप ।

(च) **मनोसामाजिक विमर्शः-** केन्द्र प्रमुख (Counselor) विमर्शकले नियमित रुपमा देहाय बमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गर्नु पर्नेछ ।

१. संरक्षित व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा
२. संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा र
३. सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था ।

(छ) **कानुनी सेवाः-** केन्द्रमा आश्रय लिई वसेका महिलाहरुलाई केन्द्रले देहायको कानुनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्दछ,

१. प्रभावित महिलाले न्याय प्राप्तगर्न आवश्यक परामर्श सेवा र
२. प्रभावित महिलालाई प्रचलित कानुन बमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र कानूनी उपचार सेवा ।

(ज) **केन्द्र सञ्चालन** : अल्पकालिन महिला सेवा केन्द्र सञ्चालनको जिम्मेवारी वागलुङ नगर कार्यपालिकाको कार्यालयको हुनेछ तर निर्धारित शर्त वन्देजहरुको आधारमा नगर

कार्यपालिकाको निर्णयानुसार निजि क्षेत्रवाट पनि सञ्चालन गर्न सकिने छ ।

१. केन्द्रवाट उपलव्ध गराईने सेवाहरुको सञ्चालनमा देहायका शर्तहरुको पालना गर्नु केन्द्र प्रमुख/सञ्चालकको जिम्मेवारी हुनेछ ।

२. प्रभावित महिलालाई ममतामय, सहानुभुतिपूर्ण एवं सम्मानजनक व्यवहारको सुनिश्चितता गर्ने,

३. प्रभावित महिलाको पहिचानको गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरीतको पनि कार्यमा प्रतिवन्ध लगाउने र

४. व्यवस्थापन समितिले तोके बमोजिम खोल्ने गरी आवास गृहमा उजुरी पेटिकाको व्यवस्था गर्ने ।

**(झ) जनशक्ति :** अल्पकालिन महिला सेवा केन्द्रमा महिलालाई प्राथमिकता दिई देहाय बमोजिमको शिक्षित जनशक्तिको व्यवस्था गर्नु पर्नेछ ।

१. केन्द्र व्यवस्थापनका लागि केन्द्र प्रमुख (Counselor) विमर्शक एकजना ।

२. आवश्यकता अनुसार रेखदेख, खानपान, सरसफाई तथा रेखदेका लागि कार्यालय सहयोगि स्तरको एकजना

३. आवश्यक परेका वखत उपस्थित हुनसक्ने गरी मनोसामाजिक विमर्शक र कानुनी सल्लाहकारको छुट्टै व्यवस्था गर्न सकिनेछ ।

**(ञ) अभिलेख :** अल्पकालिन महिला सेवा केन्द्रले देहाय बमोजिम अभिलेखहरु चुस्त दुरुस्त र प्रभावकारी तवरले राख्नु पर्नेछ,

१. प्रभावित महिलाको नामदर्ता किताव,

२. संरक्षित व्यक्तिको दैनिक हाजिरी किताव,

३. प्रभावित महिलाको व्यक्तिगत गोप्य फाइल,

४. दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात,

५. व्यवस्थापनदतथा समन्वय समितिको निणर्य किताव,

६. स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने प्रत्येक सेवाको छुट्टा छुट्टै लागतको अभिलेख र

७. व्यवस्थापन समिति तथा समन्वय समितिले तोकेको अन्य अभिलेख ।

**७) खर्चको मानकः-** अल्पकालिन महिला सेवा केन्द्रवाट सेवा प्रदान गर्दा देहायको प्रयोजनमा देहाय बमोजिमको सीमा भित्र रहेर खर्च गर्नु पर्नेछ ।

**(क) घर भाडाः-** केन्द्रका साथै सुरक्षित अल्पकालीन आश्रयका लागि लिइने घरको भाडा वापत संझौता वमोजिम हुनेछ ।

**(ख) मालसामानः-** सुरक्षित आश्रयस्थलको व्यवस्थापनका लागि आवश्यकता अनुसार सिरक, दसना, तन्ना, पर्दा, खाट, विस्तरा, भाँडाकुँडा, टेलिभिजन, खाता पाता लगायतका सामानको व्यवस्था औचित्यका आधारमा व्यवस्थापन समितिले सिफारिश गरे वमोजिम व्यवस्था गरिनेछ ।

**(ग) औषधी उपचार**

१. समन्वय समितिले तोकेको अस्पतालमा उपचार गराउँदा जिल्ला भन्दा वाहिर उपचार गराउनु पर्ने भएमा मात्र (बिरामी तथा साथी जोडेर) निम्नानुसार सीमा ननाध्ने गरी लागेको यथार्थ खर्च भुक्तानी गरिने छ ।

२. सवारी साधनको भाडा, परीक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिनसम्म खाने वस्ने खर्च बापत बिरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन खाना र खाजा समेतका लागि एकमुष्ठ रु.१,०००।- सम्म पिडित पक्षलाई भुक्तानी गरिनेछ ।

३. विशेष अवस्था परेको भनि व्यवस्थापन समितिको सिफारिशमा समन्वय समितिले विशेष निर्णय गरेकोमा सोहि वमोजिम हुनेछ ।

**(घ) कानुनी उपचारः-**

१. आश्रीत महिलालाई कानूनी उपचारको आवश्यक परेमा जिल्लास्थित कानूनी सहायता समितिवाट कानूनी सेवा उपलव्ध गराउनु पर्नेछ र तारेखको हकमा तारेखको दर वमोजिम हुनेछ ।

२. विशेष अवस्थामा व्यवस्थापन समितिको सिफारिशमा समन्वय समितिले विशेष निर्णय गरेकोमा सोहि वमोजिम हुनेछ ।

**(ङ) फुटकर खर्च** : अल्पकालीन आश्रयमा रहेको दिनजति प्रभावित महिलालाई मात्र फुटकर खर्च बापत प्रति व्यक्ती दैनिक रु १५।- उपलव्ध गराईने छ ।

**(च) फिर्ता सम्प्रेषणः** फिर्ता सम्प्रेषण गर्दा साथी समेतको मितव्ययी सवारी साधनको भाडा तथा एक दिनमा पुगिनेमा खाजा खर्च बापत प्रतिव्यक्ति रु १००।- र वास बस्नु पर्नेमा बस्ने खाने खर्च बापत प्रति व्यक्ती दैनिक रु ५००।- पाँचसय रुपैया मात्र ।

**(छ) खाने व्यवस्था :** अल्पकालिन आश्रयमा रहेको अवधिभरि प्रभावित महिला र साथी समेतको खाना तथा खाजा समेतको व्यवस्था विशेष अवस्थामा वाहेक केन्द्रमानै गर्नु पर्नेछ र सो

वापत प्रतिव्यक्ति प्रतिदिन रु २५०।- भन्दा वढि हुनेगरी खर्चगर्न सकिने छैन

**(ज) व्यवस्थापन खर्चः** खर्चको मापदण्ड तोकिएकोमा तोकिए वमोजिम र नतोकिएको हकमा सामान्य भए व्यवस्थापन समिति र विशेष प्रकृतिको भए व्यवस्थापन समितिले तोकेको दरमा केन्द्रले व्यवस्थापन गर्नेछ

## ८) समन्वय समिति

जिल्ला सेवा केन्द्रको सञ्चालनमा मार्गदर्शन प्रदानगर्न, प्रदत्त सेवाहरुको गुणस्तर सुनिश्चित गर्न र विभिन्न सेवा प्रदायक माझ सहकार्यलाई बढावा दिन निम्न बमोजिम एक समन्वय समिति रहनेछ :

१) संयोजक : नगर प्रमुख, बागलुङ नगरपालिका

२) सदस्य : प्रमुखले तोकेको जिल्ला समन्वय समितिको सदस्य १ जना

३) सदस्य : प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय बागलुङ

४) सदस्य : प्रमुख मेडिकल सुपरिटेन्डेन्ट, धौलागिरी अंचल अस्पताल, बागलुङ

५) सदस्य : जिल्लास्थित सवै नगरपालिकाका प्रमुखहरु

६) सदस्य : जिल्ला स्थित सम्पूर्ण गाउँपालिकाका प्रमुखहरु

७) सदस्य : प्रहरी उपरिक्षक, जिल्ला प्रहरी कार्यालय बागलुङ

८) सदस्य : जनस्वास्थ्य अधिकृत जन स्वास्थ्य कार्यालय वागलुङ ।

९) सदस्य : जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिलको कार्यालय

१०) सदस्य : सामाजिक विकास समितिका संयोजक वागलुङ नगरपालिका वागलुङ

११) सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकोको अधिकृत कर्मचारी ।

## ९) व्यवस्थापन समिति

अल्पकालिन महिला सेवा केन्द्रलाई व्यवस्थापन गर्न कार्यपालिकाले तोके बमोजिम देहाय बमोजिमको ५ सदस्यीय व्यवस्थापन समिति रहनेछ ।

१) कार्यपालिकाको महिला सदस्य मध्येवाट कार्यपालिकाले तोकेको एकजना- संयोजक

२) कार्यपालिकाको सदस्य मध्येवाट कार्यपालिकाले तोकेको तिन जना - सदस्य

३) नगर कार्यपालिकाको कार्यालयको महिला तथा वालवालिका शाखा प्रमुख-सदस्य सचिव ।

**१०) कार्यविधिको हेरफेर वा संशोधनः-** केन्द्र सञ्चालनका लागि आवश्यक व्यवस्था गर्न यो कार्यविधिमा थपघट तथा हेरफेर गर्नु पर्ने भएमा व्यवस्थापन समितिको सिफारिश र समन्वय समितिको समन्वयमा नगर कार्यपालिकाले हेरफेर वा संशोधन गर्न सक्ने छ ।

प्रमाणिकरण
जनकराज पौडेल
नगर प्रमुख

प्रमाणिकरण मिति २०७५ साल कार्तिक २३ गते शुक्रबार